यस व्यास नगरपालिकाको १६६ औं बैठक आज मिति २०८०/२/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री गंगालाल सुवेदी | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१ : २०८०/२/७ को कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : आ.व. २०८०/०८१ को बजेट तयारी सम्बन्धमा ।
प्रस्ताव नं.३ : व्यास नगरपालिका मानव अधिकार समन्वय समितिकि सरोकारका विषय सम्बन्धमा ।
प्रस्ताव नं.४ : पुनप्रयोगमा आउने फोहोरमैला संकलन टेण्डर रद्द गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५ : वडा नं. १० गिद्द संरक्षण सम्बन्धमा ।
प्रस्ताव नं.६ : मुटु बचाउ (Save The Heart) अभियानको शिविर खर्च सम्बन्धमा ।
प्रस्ताव नं.७ : व्यवसाय कर उठाउँदा आएका समस्याहरुलाई सम्बोधन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८ : मादिनदी तटबन्धन गर्दा प्रयोग भएको स्थानीय प्राकृतिक श्रोतको रोयल्टी सम्बन्धमा ।
प्रस्ताव नं.९ : तनहुँ विद्युत आयोजनाबाट प्राकृतिक श्रोत निकासी सम्बन्धमा ।
प्रस्ताव नं.१० : जाली र ह्युम पाइप वितरण समितिको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.११ : सुरक्षित आवास अन्तर्गत लाभग्राही छनौट सम्बन्धमा ।
प्रस्ताव नं.१२ : माध्यमिक विद्यालयमा विषय थप सम्बन्धमा ।
प्रस्ताव नं.१३ : प्रधान अध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१४ : महालेखा परीक्षक कार्यालयको खाना खर्च सम्बन्धी टिप्पणी सम्बन्धमा ।
प्रस्ताव नं.१५ : व्यास ८ को बाटाहरुको DPR प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
प्रस्ताव नं.१६ : बसपार्क र वातावरण शुल्कको आ.व. २०८०/०८१ को टेण्डर गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१७ : जिल्ला समन्वय समितिसँग सञ्चित कोषको रकम भुक्तानी माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८ : जिल्ला समन्वय समितिसँग सञ्चित कोषबाट रकम माग सम्बन्धमा ।
प्रस्ताव नं.१९ : बैंक ग्यारेण्टी रकम अशुल गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२० : अत्यावश्यक कार्य र विपदजन्य विषयमा बजेट विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२१ : हावाहुरीले पुऱ्याएको क्षतिको विवरण संकलन सम्बन्धमा ।
प्रस्ताव नं.२२ : अव्यवस्थित बसोवासी जग्गा दर्ता शिर्षकमा विनियोजित रकम सम्बन्धमा ।
प्रस्ताव नं.२३ : निलम्बनमा रहेका कर्मचारीलाई कामकाजमा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.२४ : वि.पि. वन बाटिका खेल मैदान सम्बन्धमा ।
प्रस्ताव नं.२५ : कटिङ्ग ढुङ्गा उत्खनन् दर्ता नगरी सम्बन्धित उद्योगलाई जरिवाना सम्बन्धमा ।
प्रस्ताव नं.२६ : अमरापुरी बुल्दी कोरिडोरको भेरिएसन स्वीकृती सम्बन्धमा ।
प्रस्ताव नं.२७ : मर्ज भएको विद्यालयको रकम स्थानान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.२८ : वडा नं. १ को जग्गा खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२९ : सम्बन्धित शाखा एवं आम सरोकारवालासँग बजेट तथा नीति कार्यक्रमको सुझाव माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ३० :रकमान्तर गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ३१ धानबाली प्रवर्द्धन कार्यक्रममा प्राप्त आवेदन छनौट सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/२/७ को बैठकका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८०/०८१ को यस नगरपालिकाको बजेट कार्यक्रमको वडा वडामा भएको तयारी सम्बन्धमा समिक्षा गरियो । आगामी बर्षका लागि संघ सरकारबाट समानीकरण अनुदान तर्फ १७ करोड ९९ लाख, सशर्त अनुदान तर्फ चालुमा ५७ करोड २२ लाख, पुँजिगत तर्फ १६ करोड ४४ लाख समेत जम्मा ७३ करोड ६६ लाख, समपुरक अनुदान तर्फ ३ करोड १० लाख, विशेष अनुदान तर्फ २ करोड ५० लाख समेत जम्मा ९७ करोड २५ लाख विनियोजन भएको र

आन्तरिक आम्दानी ०८०/२/२१ गतेसम्म ११ करोड ५१ लाख ८४ हजार ४ सय ७३ र पैसा ४५ प्राप्त भएको बैठकमा जानकारी गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका मानव अधिकार समन्वय समिति र कार्यपालिका बैठकमा मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना २०७७/०७८-२०८१/०८२ ले उल्लेख गरेका १७ विषयहरुका सम्बन्धमा छलफल गरी आगामी बर्षको बजेटमा सम्बोधन गर्न व्यास नगरपालिका नगरसभालाई अनुरोध गर्ने निर्णय गरियो र समन्वय समितिको नामावली एवं बैठकको कार्यप्रगती जिल्ला समन्वय समिति तनहुँमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाले यस आ.व.को फोहोरमैला व्यवस्थापन गरेको स्थानबाट पुनप्रयोगमा आउने फोहोर संकलन गर्न छाब्दी बाराही कन्स्ट्रक्सन व्यास २ लाई टेण्डर स्वीकृत गरी दिईएकोमा हाल फोहोरमैला फाल्न व्यास १३ मा रोकिएकाले छनौट नगरी व्यास ३ भतेरीमा मादिनदी तटबन्धनको खाडलमा स्थानीयसँग समन्वय गरी विसर्जन गरिएकाले पुनप्रयोगमा आउने फोहोर संकलन गर्न नपाउने अवधिको निवेदकको माग बमोजिम २०८० बैशाख महिनादेखि २०८० आषाढ महिनासम्मको ३ महिनाको रकम कवोल गरेको जम्मा रकमबाट दामासाहीले हुने रकम रू.९८,२१९/३१ (अक्षेरुपी अन्ठानब्बे हजार दुईसय उन्नाइस पैसा एकतिस) मात्र न.पा.मा दाखिला भएको भए फिर्ता गर्ने गरी टेण्डर रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास १० मादि-भतेरीमा रहेको गौ-संरक्षण केन्द्रमा अत्याधिक लोपोन्मुख गिद्दहरु आउने र मरेका गाई-गोरू खाएपछि नजिकै रहेको मिदिम हाइड्रोको नाङ्गो तारमा बस्दा धेरै गिद्दहरु विद्युत करेण्ट लागी मरेका भनी पंक्षी अधिकारकर्मी र स्थानीयबासीहरुले पटक-पटक उजुरी गरेकाले उक्त हाइटेन्सन तारलाई विद्युत करेण्ट बाहिर प्रवाह नहुने गरी इन्सुलेटेड तारको व्यवस्था आ.व. २०८०/०८१ मा गर्न गराउन जिल्ला प्रशासन कार्यालय, तनहुँ मार्फत उक्त विद्युत आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा २०८० बैशाख १५ र १६ गते मुटु बचाउ अभियान (Save The Heart) कार्यक्रम अन्तर्गत ७५०० बिरामीको परीक्षण भई ३८, ४० जनाको निःशुल्क मुटु अप्रेशन गर्नुपर्ने कार्य सम्पन्न भएकोले उक्त संस्थालाई धन्यवाद ज्ञापन गर्दै उक्त शिविरमा खाना र आवासमा खर्च भएको रू.२,७८,६९६/- बजेट शिर्षक नं. २२१ बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत व्यवसाय कर उठाउँदा व्यवसायीहरुबाट विभिन्न गुनासो आएकाले विद्यमान करका दरहरुमा पुनर्विचार गर्नुपर्ने भएमा आगामी नगरसभामा पेश गर्ने गरी तनहुँ उद्योग वाणिज्य संघ र दमौली बजार इकाई समितिसँग परामर्श गरी आएका गुनासाहरुलाई आर्थिक ऐनको सिमाभित्र रही सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा हाल मादिनदीको विभिन्न स्थानमा गण्डकी प्रदेश सरकारको टेण्डरबाट तटबन्धनको कार्य भई रहेकाले उक्त तटबन्धनमा प्रयोग भएको स्थानीय ढुङ्गाको प्रयोग भएको हुँदा प्राविधिक मूल्याङ्कन गरी गराई नगरपालिका आर्थिक ऐन, २०७९ अनुसार रोयल्टी लिन जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय र सम्बन्धित निर्माण कम्पनीलाई पत्राचार गरी कार्य सम्पन्न गर्न राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा तनहुँ विद्युत आयोजनाले व्यास नगरपालिका समेतबाट प्राप्त नदिजन्य पदार्थ बाहिर निकासी गरेको भन्ने गुनासो आएकाले सो नगर्न नगराउन पत्राचार गर्ने र फाल्नुपर्ने सामाग्री मात्र व्यास ५ पाटन क्षेत्रका खाडलमा राख्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा विपदजन्य अवस्थामा घर, बाटा, जग्गा-जमिन संरक्षणका लागि केही जाली एवं ह्युम पाइप खरिद गरिएको र उक्त ह्युम पाइप जाली वितरण गर्ने

उपप्रमुखको संयोजकत्वमा गठित समितिबाट गरिएको अध्ययन प्रतिवेदनको जानकारी प्राप्त भयो । उक्त समितिको अध्ययन प्रतिवेदन र निर्णयानुसार जाली ह्युम पाइप वितरण गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत दोश्रो किस्ता लिन बाँकीलाई निर्माण कार्य सम्पन्न गरी भुक्तानी सिफारिस गर्न र नयाँ लाभग्राही छनौट प्रकृया गरी पहिलो किस्ता रकम वितरण गर्न घर नक्सा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका सञ्चालित निम्न लिखित मा.वि.हरुले विषय थपको माग गरेकाले शैक्षिक बर्ष २०८०/२०८१ देखि भौतिक पूवाधार पश्चात् कक्षा सञ्चालन गर्ने गरी अनुमती दिने निर्णय गरियो ।

(क) निर्मल मा.वि. (सामुदायिक)– व्यास १, कक्षा ११ मा विज्ञान विषय

(ख) पराशर मा.वि. – व्यास ४, कक्षा ११ मा कानुन विषय

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास १२ छिर्कने स्थित अमरज्योती मा.वि.का प्र.अ. श्री रामजी तिमिल्सेनाले राजिनामा गरी रिक्त रहेको प्र.अ. पदमा बाँकी अवधिका लागि मा.वि. स्थायी शिक्षक श्री रघु पण्डितलाई प्र.अ. नियुक्ती गरी अनुमोदनका लागि विद्यालयबाट सिफारिस भई आएकाले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७८/०७९ मा व्यास नगरपालिकाबाट अत्याधिक मात्रामा खाना खाजा खर्च गरेको भनी महालेखा परीक्षक कार्यालयको प्रतिवेदनका सम्बन्धमा सामाजिक सञ्जालमा आएको टिका-टिप्पणीका प्रति यस नगरपालिकाको ध्यान आकृष्ट भएको छ सो सम्बन्धमा प्रवक्ता मार्फत स्पष्ट गर्न गराउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ८ अन्तर्गतको शान्ति बराह मार्ग र लालध्वज मोटर मार्गको DPR को प्रतिवेदन श्री इशानेश्वर ईन्जिनियरिङ्ग प्रा.लि. र श्री ईन्जिनियरिङ्ग देउराली प्रा.लि.बाट प्रस्तुत भई जानकारी प्राप्त भयो । उक्त प्रस्तावहरुमा प्राप्त सुझावहरुलाई समेटी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा आगामी आ.व. का लागि निम्न बसपार्क एवं वातावरण शुल्कको टेण्डर गर्न राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

(क) वातावरण शुल्क – न्यूनतम रकम रू.१,२५,००,०००/-

(ख) करङ्गकाठ बसपार्क – व्यास-१, न्यूनतम रकम रू.३,३१,०००/-

(ग) छाब्दी बसपार्क – व्यास- १२, न्यूनतम रकम रू.२,७५,०००/-

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको मौज्दात कोषमा संचालित तपशिलमा उल्लेखित योजनाको निर्माण कार्य सम्पन्न भएको हुंदा भुक्तानी मागको लागि आवश्यक कागजात सहित जिल्ला समन्वय समिति, तनहुंमा पठाउने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | कार्यको विवरण |
|---|---|
| १ | वडा कार्यालय भवन निर्माण, व्यास- १३ |

**निर्णय नं.१८:** प्रस्ताव नं. १८ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको मौज्दात कोष र व्यास नगरपालिकाको लागतबाट संचालन हुने गरी तपशिलमा उल्लेखित योजनाहरुको प्रस्ताव माग गरी जिल्ला समन्वय समिति, तनहुंमा पठाउने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | कार्यको विवरण | लागत अनुमान रु. |
|---|---|---|
| १ | वडा कार्यालय भवन फिनिसिङ कार्य, व्यास-१४ | रु.३३,०४,०३७८३ |
| २ | वडा कार्यालय भवन फिनिसिङ कार्य, व्यास-१३ | रु.३६,८६,६१९।६० |

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालय र श्री ब्रभोज आउटसोसिङ्ग प्रा.लि. बीच आ.व. २०७९/०८० को लागि मादिसेती घाटबाट प्राकृतिक श्रोत (ढुङ्गा, गिट्टी, बालुवा आदि) उत्खनन् तथा विक्री वितरण गरी ठेक्का लगाएकोमा सम्झौता अनुसार बाँकी रकम चैत्र मसान्तभित्र बुझाउनु पर्नेमा हालसम्म पनि दाखिला नगरेकोले कर सहित रू.६६,१८,१००/- (अक्षेरुपी छैसट्ठी लाख अठार हजार एकसय रुपैंया) बैंक ग्यारेण्टी रकमबाट अशुल गर्नको लागि आवश्यक प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा विपदजन्य कार्यमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | आकासेपानी व्यवस्थापन पुल संरक्षण नाला निर्माण | १ | १,५०,०००/- | विपद |
| २. | तालघारे टोल विकास धुलो नियन्त्रण पाइप खरिद | १ | १८,९००/- | ३३ |
| ३. | नवआदर्श टोल खानेपानी पाइप खरिद | १ | २०,०००/- | ९२३ |
| ४. | राष्ट्रिय साहित्यिक प्रतियोगीता व्यवस्थापन गण्डकी बाङ्गमय | २ | १,००,०००/- | २४६ |
| ५. | नगरपालिका गाडी सफा गर्ने स्थान निर्माण | ३ | ४८,६५५/- | ९२२ |
| ६. | अलैचे खानेपानी पाइप खरिद | ५ | ७०,०००/- | ९२३ |
| ७. | बरबोटे टोल झालाङ्गे खोल्सी पाइप खरिद | ५ | ३९,०००/- | ९२३ |
| ८. | पाथ्रा आधारभुत स्वास्थ्य केन्द्र धारा व्यवस्थापन | ७ | २८,५००/- | ९१४ |
| ९. | क्यामिन मा.वि. कक्षा १ को व्यवस्थापन | ७ | १,००,०००/- | ९१० |
| १०. | सिँचाई पाइप खरिद (विशाल गुरुङ्ग) | ८ | २०,०००/- | ९२० |
| ११. | विनोद गुरुङ्ग २६ बाख्रा मरी विपद | १० | ५०,०००/- | विपद |
| १२. | भञ्ज्याङ्गटोल मंगलीगैह्रा खानेपानी इनार संरक्षण | १० | १,००,०००/- | विपद |
| १३. | नयाँबस्ती खानेपानी व्यवस्थापन | १० | ९०,०००/- | ९२३ |
| १४. | मुलपानी टोल नरसिंह भाँचिएकाले खरिद | ११ | १५,०००/- | २४६ |
| १५. | सेरा टोल खानेपानी पाइप खरिद | ११ | १८,०००/- | ९२३ |
| १६. | धर्म बहादुर खत्रीको घरमा रुख लडी विपद | १२ | ६०,०००/- | विपद |
| १७. | आलेगाउँ खानेपानी पाइप खरिद | १३ | ३४,८००/- | ९२३ |
| १८. | जनजागृति मा.वि. पंखा जडान विद्युत व्यवस्थापन | १३ | १,७०,०००/- | १७९ |
| १९. | रिता वि.क. घर भत्किएको पुननिर्माण | १३ | ६०,०००/- | विपद |

| | | | | |
|---|---|---|---|---|
| २०. | चन्द्र कुमारी वि.क. घरसंरक्षण मर्मत | १४ | ४०,०००/- | विपद |
| २१. | कोभिड अस्पतालमा जनरल ल्याब स्थापनाको लागि र्‍याक तथा अन्य निर्माण | | १,४५,६००/- | ९१४ |
| २२. | लुम्पीस्किन रोग विरुद्ध खोप खरिद (पशु उपशाखा) | | ९,७०,०००/- | विपद |
| **जम्मा :** | | | **२३,४८,४५५/-** | |

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा यसै महिनामा आएको हावाहुरी, अत्याधिक बर्षा र असिनाले बालीनालीमा क्षति पुऱ्याएको हुँदा कृषि क्षेत्रमा पुऱ्याएको क्षतिको राहत सहयोगका लागि विवरण कृषि ज्ञान केन्द्र, तनहुँमा पठाउने, पशुपंक्षीमा पुऱ्याएको क्षतिको राहत सहयोगका लागि पशु विज्ञ केन्द्र, तनहुँमा विवरण उठाउने, हावाहुरीले बस्ने घरको छाना नै उडाएको भए अति विपन्न, असहाय सहयोग गर्ने परिवारका कोही पनि सदस्य नभएको हकमा छाना मर्मत व्यवस्थापनका लागि नगरपालिकाबाट प्रहरी मुचुल्का, वडाको सिफारिस विपदको अवस्था देखिने फोटोका आधारमा रू.१०,०००/- (दश हजार) देखि घर भत्केको हकमा बढिमा रू.६०,०००/- (साठी हजार) विपद अन्तर्गत राहत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा बार्षिक बजेट अनुसार असहाय तथा राहत शिर्षकमा विनियोजन गरिएको रकम अपुग भएकोले यस आ.व. मा सञ्चालन नहुने कार्यक्रम "भुमीहिन सुकुम्बासी, अव्यवस्थित बसोवासी जग्गा दर्ता शिर्षकमा विनियोजित रू.२०,००,०००/- रकम मध्येबाट रू.५,००,०००/- असहाय तथा राहत शिर्षकमा खर्च लेख्ने र यस निर्णयलाई आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/२/१ मा निलम्बन गरिएका नगर प्रहरी श्री विञ्जु अधिकारीर श्री गोविन्द बहादुर नेपालीलाई निलम्बन अवधिभरको तलव कट्टा गरी सचेत गराई कार्यालयको काममा खटाउने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ मा रहेको वि.पि. वनवाटिका खेल मैदान जिल्ला समन्वय समिति, तनहुँले व्यास नरपालिकालाई गैर व्यवसायिक प्रयोजनका लागि मिति २०७४/४/१४ को पत्रानुसार ५ बर्षलाई उपलब्ध गराईएकोमा सोही प्रयोजनका लागि उपयोग गर्ने गरी थप ५ बर्षका लागि उपलब्ध गराउन जिल्ला समन्वय समिति, तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०८०/२/२२ गते बैठकबाट निर्णय गरी सिफारिस भई आएको यस नगरपालिका क्षेत्रभित्र दर्ता नभई अव्यवस्थित रुपमा सञ्चालन हुदै आएका उत्खनन् तथा कटिङ्ग उद्योगहरुलाई व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग सञ्चालन कार्यविधि, २०७७ को दफा १६ को उपदफा ३ 'ख' बमोजिम जनही रू.१५,०००/- (पन्ध्र हजार) का दरले जरिवाना गरी दर्ता गराई मात्र सञ्चालन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ स्थित अमरापुरी बुल्दी करिडोर निर्माणको लागि हरिशान्ती कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता भएकोमा निर्माण कार्य गर्दै जाँदा कडा माटोको लागत अनुमान तयार गरिएकोमा मध्यम चट्टान देखिएको साथै उक्त स्थानमा केही भाग मात्र कालोपत्रे गर्न छुट हुने देखिएकोले प्राविधिक लागत अनुमान बमोजिम क्रमागत शिर्षक ३८ बाट रू.३,००,०००/- (तिन लाख) र सोही योजनाको कन्टेन्जेन्सीबाट रू.७०,०००/- (सत्तरी हजार) खर्च गर्ने गरी जम्मा रू.३,७०,०००/- (तिन लाख सत्तरी हजार) को भेरिएसन स्वीकृत गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ श्याम्घा स्थित श्याम्घा प्रा.वि. गतबर्ष नै मर्ज भईसकेकोमा उक्त विद्यालयको खातामा रकम सञ्चित रहेकोमा उक्त रकम व्यास ७ स्थित समता विद्यालयमा स्थानान्तरण गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ को कार्यालयका लागि आवश्यक पर्ने ०-८-०-० जग्गा प्राप्तिका लागि जग्गा प्राप्ती ऐन २०३४ बमोजिम व्यास नगरपालिका वडा नं. साविक कर्लुङ्ग ६/९ कि.नं. १२५१ को क्षेत्रफल ३-६-०-० मध्ये कि.नं. १२४६ को उत्तर तर्फ पर्ने जग्गाधनी श्री छविजङ्ग मल्ल ठकुरीको जग्गा अधिग्रहण गर्न प्रति आना रू.२,७५,०००/- का दरले जग्गाधनीलाई उपलव्ध गराई जग्गा पारित गर्न जिल्ला मुआब्जा निर्धारण समितिबाट २०८०/२/१८ गते निर्णय भई जानकारी प्राप्त भएकाले उक्त जग्गा बजेट शिर्षक नं. ९२२ बाट खर्च हुने गरी नगरपालिकाका नाउँमा पारित गर्ने र नगरपालिका तर्फबाट अधिकृत श्री कृष्ण प्रसाद पौडेललाई प्रतिनिधि मुकरर गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८०/०८१ को बजेट तर्जुमा सम्बन्धमा नगरपालिका सबै शाखा, उपशाखाहरुबाट विद्यमान आर्थिक अवस्थालाई मूल्याङ्कन नगरी नहुने विषयहरुको लिखित प्रस्ताव २०८०/३/३ गतेसम्म प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्न र आम नगरबासी दाजु-भाई, दिदी-बहिनीहरुसँग २०८०/३/३ सम्म नीति कार्यक्रमको सुझाव माग गर्न सूचना प्रविधि शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा आ.व. २०७९/०८० मा पुँजिगत "क्रमागत योजना" को भुक्तानी गर्न बजेट अपुग हुन गएकोले सो अन्तर्गत सम्पन्न भएका योजनाहरुको नपुग भुक्तानी तपसिलमा उल्लेखित चालु आ.व. २०७९/०८० मा विविध कारणवश सञ्चालन नहुने योजना तथा कार्यक्रमहरुको बजेट शिर्षकबाट भुक्तानी गर्ने र आगामी नगरसभाबाट अनुमोदन हुने गरी पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | योजनाको नाम | विनियोजित बजेट | खर्च हुने रकम |
|---|---|---|---|
| १. | सिमलटार शेषमटार मार्ग - ८४६ | १०,००,०००/- | १०,००,०००/- |
| २. | दुम्सीचौर खेलकूद मैदान - ८७९ | २०,००,०००/- | २०,००,०००/- |
| ३. | वडा कार्यालय देखि मिश्रडिही, बागेटारी, समिफेद - ५६८ | ५,००,०००/- | ५,००,०००/- |
| | जम्मा : | ३५,००,०००/- | ३५,००,०००/- |

**निर्णय नं.३१:** प्रस्ताव नं. ३१ का सम्बन्धमा छलफल हुँदा **धानबाली प्रवर्द्धन कार्यक्रममा** बजेट बांकी रहन गई **व्यास न.पा. वडा नं.६** स्थित श्री अन्नपूर्ण कृषि सहकारी संस्था लि. को प्राप्त मागका आधारमा सिंचाई कुलो निर्माण/मर्मत गर्नका लागि **"प्रदेश तथा स्थानीय तहमा सशर्त वत्तीय हस्तान्तरित कृ ष वकास कार्यक्रम संचालन सम्बन्धी कार्य वधी, २०७९"** अनुसार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

खर्च शर्षकः २९६ धान बाली प्रवर्द्धन कार्यक्रम, वनियोजित बजेट रु.२५,२०,०००।

| क्र.सं. | सहकारीको नाम | ठेगाना | क्रियाकलापहरुको विवरण | अनुदान रकम |
|---|---|---|---|---|
| १ | श्री अन्नपूर्ण कृषि सहकारी संस्था लि. | व्यास ६ | **साना सिँचाई (८५% अनुदान)**<br>(क) वादी कुलो मर्मत<br>(ख) लामो खेत कुलो मर्मत<br>(ग) सुसार्दे तल्लो कुलो मर्मत | प्रति सिँचाइ स्किम बढीमा रु.७५,०००। |